# सञ्चार माध्यममा सूचनाको हक




काठमाडौं, जेठ ४ गते । सूचना तथा सञ्चारमन्त्री शेरधन राईले सूचनाको हकलाई व्यवहारतः कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ । सूचनाको हक कार्यान्वयन गराउने सम्बन्धमा सरकारले हालै घोषणा गरेको नीति तथा कार्यक्रममा पनि केही कार्यक्रम आइसकेका र आगामी बजेटमा त्यसको यथोचित सम्बोधन हुने जानकारी दिनुभयो ।

राजधानीमा मंगलबार आयोजित 'सञ्चारमाध्यममा सूचनाको हक' विषयक अन्तरक्रियामा मन्त्री राईले सूचना दिने विषयमा सरकार नागरिकप्रति जिम्मेवार हुनैपर्छ भन्दै नागरिकमा सूचना प्रवाहका लागि सञ्चार पनि जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने बताउनु भयो । संविधानमै सूचनाको हक मौलिक हकका रुपमा कायम गरिएकाले यसलाई व्यवहारमा लागू गराउने प्रतिबद्धता जनाउनु भयो ।

सरकारका हरेक नियकायले एक सूचना अधिकारी तोक्नुपर्ने र सञ्चारमाध्यमले पनि उनै अधिकारीमार्फत सही सूचना लिनुपर्ने औंल्याउँदै मन्त्री राईले यसो भएमा मात्रै जनताले संविधानले दिएको मौलिक हकबाट सही सूचना पाउन सक्ने बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सूचना पाउने सबै नागरिकको संवैधानिक हक रहेकोले त्यसबारे जानकारी गराउन सबैको सामुहिक प्रयासको खाँचो रहेको बताउनुभयो । सूचना विभागका महानिर्देशक रघुराम विष्टले सत्यतथ्य सूचना प्रवाह गर्नमा मिडिया जिम्मेवार बन्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय सूचना आयोग र मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले आयोजना गरेको कार्यक्रममा इह्रिकन संस्थाकी अध्यक्ष अमृता लम्साले संस्थाले गत चैत र वैशाख महिनामा कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, गोरखापत्र दैनिक र नागरिक दैनिक पत्रिकामा खाना पकाउने ग्यास र भूकम्पछि पुनस्थापना तथा राहतसम्बन्धी प्रकाशित समाचारमा सूचनाको हकको प्रयोगसम्बन्धी गरिएको अध्ययनलाई प्रस्तुत गर्नु भयो ।

चैत महिनाभरी चारवटा दैनिकमा १२ वटा ग्याससम्बन्धी समाचार लेखिएको र तीमध्ये गोरखापत्रमा एउटा पनि नभेटिएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी अन्नपूर्ण पोष्ट र कान्तिपुरमा पाँच÷पाँच वटा र नागरिकमा एउटा समाचार तथा दुईवटा फोटो प्रकाशित भएको पाइयो ।

त्यसैगरी अध्ययनको अर्को विषय भूकम्पपछिको पुनर्निर्माण मा चार राष्ट्रिय दैनिकमध्ये अन्नपूर्ण पोष्टमा धेरैपटक समाचार छापिए पनि ती समाचारमा सूचनाको हकका आधारभूत कुरा उत्तरदायित्व, जवाफदेहिता पारदर्शिता र नागरिकप्रतिको दायित्व स्पष्टसँग नदेखिएको अध्यक्ष अमृता लम्साले बताउनु भयो ।